जनवादी गणतन्त्र चीन सरकार

र

श्री ५ को सरकार, नेपालका

बीचको व्यापार तथा भुक्तानी सम्झौता

जनवादी गणतन्त्र चीन सरकार र श्री ५ को सरकार, नेपाल (यसपछि संविदाकारी पक्षहरू भनिएको) ले चीनको स्वशासित तिब्बत क्षेत्र र नेपालका बीचको परम्परागत व्यापार सम्बन्धहरू लगायत दुई देशका बीचको मैत्री सम्बन्धलाई अरू विकसित गर्ने र दुई देशका बीचको आर्थिक तथा व्यापार सम्बन्धलाई सुदृढ गर्ने उद्देश्यले समानता र पारस्परिक लाभको आधारमा देहाय बमोजिम मन्जूर गरेका छन् :-

धारा - १

दुई संविदाकारी पक्षहरूले आफ्नो दुई देशका बीच व्यापार बढाउन सबै उपयुक्त कदमहरू चाल्ने छन् र आपसमा मालसामानहरूको आदान प्रदानलाई विकास गर्न मन्जूर गर्दछन् । दुई संविदाकारी पक्षहरूले समुद्रपार व्यापारको अतिरिक्त दुई देशहरूका बीचको परम्परागत स्थल मार्ग व्यापारको अरू विकास र सुदृढिकरणका लागि परस्परमा सबै सम्भव सहुलियतहरू प्रदान गर्ने छन् ।

धारा - २

दुई देशका बीच मालसामानहरूको आदान-प्रदान तत्कालमा दुई देशमा लागू भईरहेका आ-आफ्ना आयात-निर्यात सम्बन्धी ऐन, नियम, कार्यविधि र विदेशी विनिमय नियमहरू बमोजिम गरिने छ ।

धारा - ३

दुई देशहरूका बीच मालसामानहरूको आदान प्रदान यस सम्झौतासँग संलग्न सूची " क " (चीनको निकासी नेपालमा) र सूची " ख " (नेपालको निकासी चीनमा) बमोजिम गरिने छ । तर यस सम्झौताले माथि उल्लिखित संलग्न सूचि " क " र " ख " मा उल्लेख नभएका वस्तुहरूको व्यापार गर्नमा रोक लगाउने छैन ।

दुई संबिदाकारी पक्षहरूले दुई देशहरूका बीच व्यापार गरिएका वस्तुहरूको लागि निकासी तथा पैठारी इजाजतपत्र (लाईसेन्स) प्रदानका सम्बन्धमा परस्परमा सहूलियत प्रदान गर्ने छन् ।

धारा - ४

दुई देशका बीचको व्यापार यथा सम्भव समत्वको सिद्धान्तमा आधारित तथा व्यवस्थित हुनेछ ।

धारा - ५

दुई देशका बीचको व्यापार चीन र नेपालको राष्ट्रिय व्यापार संगठनहरू तथा दुई देशहरूका अन्य आयात तथा निर्यातकर्ताहरू मार्फत हुन सक्नेछ ।

धारा - ६

दुई संबिदाकारी पक्षहरूले भन्सार महसूल तथा अन्य करहरू, वस्तुहरूको निकासी तथा पैठारीमा लाग्ने फि तथा दस्तुरहरू सम्बन्धी सबै कुराहरूमा, नियमहरू तथा भन्सार सम्बन्धी औपचारिकताहरू र दस्तुरहरूका सम्बन्धमा एकले अर्कालाई अधिकतम सौविध्य प्राप्त राष्ट्रको व्यवहार प्रदान गर्ने छन् ।

तर यी व्यवस्थाहरू देहायका सम्बन्धमा लागू हुने छैनन् :-

१. कुनै संबिदाकारी पक्ष सदस्य भएको वा भविष्यमा सदस्य हुन सक्ने कुनै भन्सार संघ वा भंसार स्वतन्त्र व्यापार सम्बन्धी सम्झौतावाट प्राप्त सुविधाहरू ।

२. अन्तरराष्ट्रिय वाणिज्य सम्बन्धी बहुपक्षिय आर्थिक सम्झौताद्वारा प्रदान गरिएको सुविधाहरू ।

धारा - ७

दुई देशहरूका बीच स्थल मार्ग व्यापारलाई बढाउनका लागि दुई संबिदाकारी पक्षहरूले आफ्नो सीमानाका देहायका व्यापारिक ठाउँहरूलाई प्रयोग गर्न मन्जूर गर्छन :-

१. न्यालम । कोदारी
२. केरुङ्ग० । रसुवा
३. पुरङ्ग० । यारी (हुम्ला)

धारा - ८

सिमानाका बासिन्दाहरूको आर्थिक जीवनको उन्नति गर्ने उदेश्यले दुई संविदाकारी पक्षाहरू दुई देशहरूका सीमानाका बासिन्दाहरूले सीमानाबाट ३० किलोमिटरको इलाका भित्र बस्तु-विनिमयको आधारमा परम्परागत व्यापार गर्न सक्ने छन् भन्ने कुरामा मन्जूर गर्दछन जुन माथि उल्लिखित व्यवस्थाहरूको परिसीमाको अधिनमा रहने छैन ।

धारा - ९

दुई देशहरूका बीचको स्थल मार्ग व्यापार चीनको स्वशासित तिब्बत क्षेत्र तथा नेपालका बीचको सीमानामा मालसामानहरूको हस्तान्तरण गर्ने ठाउँमा वा सम्बन्धीत स्थानीय अधिकारीहरूद्वारा निर्धारित सीमानाको आसपासका त्यस्ता अरू ठाउँहरूमा सी. एण्ड एफ. को आधारमा हुनेछ ।

धारा - १०

दुई देशका बीचको समुद्रपार व्यापार चीनबाट निर्यात गरिने सम्बन्धमा सि.आई. एफ. कलकत्ता वा दुवै पक्षलाई मान्य भएको अन्य बन्दरगाह वा एफ.ओ.बि. चीनिया बन्दरगाहको आधारमा हुने छ र नेपालबाट निर्यात हुने सम्बन्धमा एफ.ओ.बि. कलकत्ता वा दुवै पक्षबाट मान्य भएको अन्य बन्दरगाह वा सि.आई.एफ. चीनिया बन्दरगाहको आधारमा हुने छ ।

धारा - ११

यस सम्झौताको कुनै कुराले यस सम्झौताका कुनै पनि पक्षलाई यो सम्झौता हुन अघि वा पछि हस्ताक्षर गरेको मूपरिवेष्ठित मुलुकहरू सम्बन्धी लगायत अन्तरराष्ट्रिय कुनै पनि महासन्धि (कन्भेन्शन) वा सम्झौता वा संकल्प (रिज्यूलिसन) बमोजिमका कुनै पनि पक्षको कुनै पनि दायित्वहरूलाई घटाएको अर्थ लगाइने छैन ।

## धारा - १२

कुनै संविदाकारी पक्षको अनुरोधमा उनीहरूको प्रतिनिधिहरूले यस सम्झौताको कार्यान्वयनको रेखदेख गर्न तथा त्यसबाट उत्पन्न हुन सक्ने कुनै पनि समस्याहरूको मैत्रीपूर्ण परामर्शद्वारा समाधान गर्नका लागि भेट गर्ने छन् ।

## धारा - १३

दुई देश बीचको समुद्रपार व्यापार सम्बन्धी रकमको भुक्तानी स्वतन्त्र परिवर्त्य मुद्रामा हुनेछ । दुई देशका बीचको सतह व्यापार सम्बन्धी रकमको भुक्तानीमा परम्परागत पद्धतिनै यथावत कायम रहनेछ ।

## धारा - १४

यो सम्झौताले दुई संविदाकारी पक्षहरूका बीच १९७४ को मई ३१ तारीखमा हस्ताक्षर भएको पूर्व व्यापार तथा भुक्तानी सम्झौतालाई प्रतिस्थापन गर्नेछ र तीन वर्षको अवधिसम्म लागू रहनेछ । यदि कुनै पक्षले यो सम्झौतालाई समाप्त गर्ने कुराको सम्झौताको म्याद भुक्तान हुन भन्दा कम्तीमा ६ महिना अगावै अर्को पक्षलाई लिखित सूचना नगरेमा सम्झौताको मान्यताको म्याद अर्को तीन वर्षका लागि स्वतः बढ्ने छ र अरू म्याद थप पनि सोही अनुसार हुँदै जानेछ ।

वर्तमान सम्झौता, चीनी, नेपाली र अंग्रेजी भाषाका दुई दुई प्रतिहरूमा सम्वत् २०३८ मंगसिर ७ गते तदनुसार सन् १९८१ को नोभेम्बर महिनाको २२ तारिखका दिन काठमाडौंमा सम्पन्न भयो । तीनै प्रतिहरू समानरूपले प्रामाणिक छन् ।

郑义山

जनवादी गणतन्त्र चीन सरकारको
तर्फबाट

श्री ५ को सरकार नेपालको
तर्फबाट

## सूची "क"

### चीनको निकासी नेपालमा

१. समुद्रपारबाट नेपालमा हुने चीनको निकासी

१) कपडा
२) तैयारी लुगाहरू
३) हल्का किसिमका औद्योगिक उत्पादन
४) खाद्य पदार्थ
५) सिमेन्ट
६) धातु र इस्पातका उत्पादन
७) चिल्लो पार्ने तेल
८) रासायनिक पदार्थ
९) अन्य वस्तु

२. चीनको स्वशासित तिब्बत क्षेत्रबाट नेपालमा हुने निकासी

१) काँचो उन
२) भेडा च्याङ्ग्रा
३) नून
४) चौउरी गाई र चौउरी गाईको पुच्छर
५) गलैंचा
६) अन्य वस्तु

## सूची 'ख'

## नेपालको चीनमा निकासी

१. समुद्रपारबाट चीनमा हुने नेपालको निकासी

१) जूट
२) चीनी
३) काठ (टीम्बर)
४) प्रशोधित तलुवा छाला
५) जडीबुटी
६) चिया
७) अन्य वस्तु

२. नेपालको चीनको स्वशासित तिब्बत क्षेत्रमा हुने निकासी

१) खाद्यान्न
२) गहुँको मैदा
३) चीनी
४) जूट बोरा र जूटको कपडा
५) सुर्ती
६) सुकेको खुर्सानी
७) मइनबत्ती
८) रंगाउने कुरा
९) साबन
१०) काठ (टीम्बर)
११) नाक
१२) अन्य वस्तु